हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ११९ पृष्ठ : ४ २०७७ मंसिर १४ गते आइतबार (Sunday 29 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

## किन समाजको कथा बोल्न सक्दैन मैथिली सिनेमाले ?

■ **सन्तोष बराइली**

**लहान ।** कोरोनाकालीन समयलाई छोडिदिने हो भने केही समययता मैथिली चलचित्र निर्माणप्रति आकर्षण बढेको पाइन्छ । निर्माणप्रति आकर्षण बढेसँगै मैथिली चलचित्र निर्माणमा पनि बाढी आउने नै भयो । मैथिली चलचित्र निर्माणमा आएको बाढीसँगै यसको आकार, आयाम र क्षितिजमा पनि बढोत्तरी भएको छ ।

मैथिली चलचित्रको परिधी फराकिलो भए पनि दुःखका साथ भन्नु पर्दा समाजको मौलिकतालाई यसले भोजपुरी सिनेमाको भद्दा नक्कलसँग साटेको छ । यस बिषयमा मन्थन अपरिहार्य बनिसकेको छ। किनभने सिनेमा 'मास मिडिया' हो र साहित्यको सबै बिदा यसमा निहित हुन्छ । यो मानव समाजको ऐना पनि हो ।

**मैथिली सिनेमाको इतिहास**

मैथिली चलचित्रको इतिहासलाई खोतल्ने हो भने सन् १९६५ मा भारतमा पहिलो मैथिली कथानक चलचित्रको निर्माण भएको पाइन्छ । फनी मजुमदारद्वारा निर्देशित सो चलचित्र हरिमोहन झाको प्रसिद्ध उपन्यास कन्यादानमा आधारित थियो ।

यस चलचित्रमा केही अंश मात्र मैथिली भाषाको प्रयोग भएकोले यसलाई सम्पूर्ण मैथिली चलचित्र मान्न सकिँदैन । यसको कथावस्तुअनुसार नायिकाले मैथिलीबाहेक अन्य भाषा नजान्ने भएकोले नायकले पनि मैथिली सिक्छन् । यसअर्थमा चलचित्रमा मैथिली भाषाको आंशिक प्रयोग भएको हो ।

मैथिली सिनेमाका चर्चित कलाकार तथा चलचित्रका खोजकर्ता कमल मण्डलका अनुसार मैथली चलचित्र 'ममता गाबय गीत' पूर्णरूपमा मैथिली चलचित्र थियो । यसको रिलिज १९७० मा भएको मानिन्छ ।

यस चलचित्रमा गीता दत्त, सुमन कल्यानपुरी, महेन्द्र कपुरजस्ता गायकले गीत गाएका थिए । अर्र बकरी घांस खो, भईर नगरीमे शोर वौआ, मामी तोहर गोर मामा, चान सनजस्ता सुमधुर गीतले 'ममता गावैय गीत' लाई सफल बनाएका थिए । यसपछि मैथिली चलचित्र बन्ने क्रम पूर्णरूपले रोकिएको थियो ।

धेरै वर्षपछि सन् २००२ मा बालकृष्ण झाले मैथिली चलचित्र निर्माण गर्ने साहस जुटाए । झाले 'सस्ता जिनगी महंग सेनुर' को लेखन र निर्देशनको जिम्मा कलाकार मुरलीधरलाई दिएका थिए ।

सस्ता जिनगी महंग सेनुरलाई मैथिली भाषाभाषीले बडो उल्लासपूर्वक हेरेका थिए । यो सफल मैथिली सिनेमामा दरिएको थियो । मैथिली भाषाको फिल्म पहिलो चोटि हेर्दा वा सिनेमाको पर्दामा कलाकारलाई मैथिली बोलेको र गाएको सुन्दा दर्शकहरू खुबै रोमाञ्चित भएका थिए । यसैक्रममा विभिन्न आरोहअवरोह पारगर्दै नेपालमा प्रजातन्त्रको आगमनपछि निजीस्तरबाट पहिलोपटक २०४९ सालमा जनकपुरबाट 'दहेज' नामक मैथिली चलचित्रको निर्माण भएको थियो ।

**मैथिली चलचित्रको वर्तमान**

त्यसपछि बिस्तार भएको मैथिली सिनेमा अहिले बिस्तार हुँदै जनकपुरबाहेक सिरहा, सप्तरी, सुनसरी,विराटनगरबाट पनि निर्माण हुने क्रम बढ्दै गएको छ ।

तर पनि मैथिलीभाषीको लागि राज्यपक्षबाट फिल्मको विकासमा खासै केही योजना बनाएको देखिदैन । मैथिली सिनेमा बनाएवापत सरकारलाई तिर्नुपर्ने सबै प्रकारको कर तिरे पनि सरकारबाट कुनै सुविधा नपाएको मैथिली फिल्म निर्देशक निराजन मेहताको गुनासो छ ।

केही समयअघि नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष मैथिलीभाषी कलाकार धर्मेन्द्र मोरवैता थिए भने सदस्यमा गायक रामा मण्डल पनि थिए । तर पनि तराई मधेशमा निर्माण हुने चलचित्रका बारेमा कुनै छलफल भएन । र यो अवस्था अद्यापी छ ।

मैथिली चलचित्र क्षेत्रको समस्यालाई सरोकारवाल निकायले गम्भीरतापूर्वक नलिएको गुनासो मैथिली कलाकारको छ । अहिलेसम्म मैथिली चलचित्रको विकास मैथिली कलाकारको आँट, संकल्प र प्रतिबद्धतामा टिकेको छ ।

मैथिली कलाकारको उत्साहबर्द्धक कार्य देखेर एकदमै खुशी लागेको वरिष्ठ मैथिली गीतकार विनित ठाकुर बताउँछन् । उनी भन्छन्, "नेपालमा मैथिली कलाकारको यो पहिलो पुस्ता हो, जो दुई दशकदेखी मैथिली चलचित्रको जगेर्नमा आफ्नै बलवुताले लागिरहेका छन् । चाहे ठूलो बजेट होस् वा सानो बजेट तर चलचित्र मैथिली नै हो नि । हामी सबै मिलेर ती कलाकारलाई हौसला दिनुपर्छ ।'

बाँकी ३ पेजमा

## बलात्कारीलाई कारवाहीको माग गर्दै सिरहामा युवाहरु आन्दोलित



**सिरहा ।** महोत्तरीको बर्दिबासकी ६ वर्षीया बालिका गुलाब शाह खातुनको बलात्कार पछि हत्यामा संलग्नलाई कारवाहीको माग गर्दै शनिबार युवाहरूले विरोध प्रर्दशन गरेका छन् । सनराइज युथ सिरहा समाजको आयोजनामा सयौंको संख्यामा उपस्थित किशोर किशोरी तथा युवाहरूको जुलुशले बलात्कारीलाई कारवाहीको माग गर्दै बजार परिक्रमा गरेको समाजका अध्यक्ष शोभा साहले बताए ।

बाँकी ४ पेजमा

## क्वालिटी टेलर्स एण्ड ट्रेडर्सको प्रथम पुरस्कार नरेशलाई

**लहान ।** सिरहाको लहानमा अवस्थित क्वालिटी टेलर्स एण्ड ट्रेडर्सले आयोजना गरेको बम्पर धमाका उपहार योजना अन्तर्गत प्रथम पुरस्कार लहान नगरपालिका-८ का नरेश जंग साहले हात पारेका छन् ।

ट्रेडर्सले विजया दशमी, शुभ दिपावली तथा छठ पर्वलाई लक्षित गरी ग्राहक वर्गहरूका लागि प्रत्येक एक हजारको कपडा खरीद वा सिलाईमो उपहार योजना सञ्चालन गरेको थियो ।




सोही योजना अन्तर्गत शनिबार सम्पन्न लक्की ड्र कार्यक्रममा साहले प्रथम पुरस्कारस्वरूप '१९ इन्चको एलइडि टिभी' हात पार्न सफल भएका हुन् । क्वालिटी टेलर्स एण्ड ट्रेडर्सका संचालक मोहम्मद अब्बास अन्सारीको अध्यक्षता, प्रदेश सभा सदस्य लगनलाल

बाँकी ४ पेजमा







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## लैगिक हिंसा कहिलेसम्म?

लिंगमा आधारित हिंसा महिला र पुरुषबीच असमान शक्ति र सम्बन्धको परिमाणस्वरूप सिर्जित आपराधिक कृत्य मात्र नभई मानवअधिकारको घोर उल्लंघन पनि हो । यो महिला वा पुरुष दुवैमाथि घट्न सक्ने अपराध हो । लैंगिक हिंसा पुरुषविरुद्ध पनि हुन सक्छ । खासगरी, पितृसत्तात्मक सोच र समाजले महिलालाई पुरुषको समकक्षी नभई तल्लो तहको वा कमजोर वर्ग मान्ने सामन्ती सोच र मनोविज्ञानबाट निर्धारण गरिदिएको छ । परिणामतः हिंसा खासगरी पुरुषभन्दा महिलामाथि नै बढी हुने गरेको पाइन्छ । परिवार समाज र राज्य यी तीन क्षेत्रमा महिला हिंसा हुने गर्छ ।

पारिवारिक सम्बन्धका आधारमा हुने घरेलु हिंसाअन्तर्गत वैवाहिक बलात्कार, कुटपिट, यौनांग छेदन, एसिड आक्रमण, दाइजोको नाउँमा हुने हिंसा, कुरीति र अन्धविश्वासका आधारमा हुने हिंसा, बोक्सीलगायत विभिन्न कुरीतिजन्य हिंसा पर्छन् । त्यस्तै, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन, बलात्कार, वेश्यावृत्तिजस्ता हिंसा समुदायमा हुन सक्ने महिलाविरुद्धका हिंसा हुन् । शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, यौनशोषण, हानि–नोक्सानी, धम्की, जाल, प्रपञ्च, छलछाम, धोकाधडीजस्ता कार्य महिला हिंसाका कारक तत्वका रूपमा रहेका छन ।

लिंगमा आधारित हिंसा महिला र पुरुषबीच असमान शक्ति र सम्बन्धको परिमाणस्वरूप सिर्जित आपराधिक कृत्य मात्र नभई मानवअधिकारको घोर उल्लंघन पनि हो । महिला हिंसा खासगरी गर्भावस्थादेखि वृद्धावस्थासम्मै घट्न सक्ने हिंसा हो । पाको उमेरमा शारीरिक वा मानसिक यातना दिने कार्य पनि महिला हिंसाकै स्वरूप हुन । महिला हिंसा अशिक्षित वर्गबाट मात्र नभएर शिक्षित र चेतनशील वर्गबाट समेत हुने गर्दछर । सामाजिक लोकाचार वा डरले कतिपय घरभित्रको महिला हिंसा बाहिर आउनै सक्दैनन् । घरेलु हिंसाको कसुरमा पीडित महिला आफैँले घरपरिवारविरुद्ध उजुरी गर्ने हिम्मत गर्न गाह्रो छ । समाजले पुरुषको चरित्र वा आचरणमाथि खासै ध्यान दिँदैन, तर महिलाको चरित्र वा आचरणमा रत्तिभर पनि आँच आयो भने समाजले त्यस्ता महिलामाथि विभिन्न कोणबाट प्रश्न उठाउँछ ।

महिला हिंसाका कारण सिंगो समाज नै प्रभावित हुने गर्छ । समाज सांस्कृतिक, राजनीतिक, आर्थिक रूपान्तरणमा फड्को मार्न सफल भएपनि बालबालिका एवं महिलामाथिको हिंसालाई सम्बोधन गर्न राज्य सफल भएको देखिँदैन । जुन मानव सभ्यताकै अभिषाप हो । संविधानमा महिला–बालबालिकामाथि कुनै हिंसाजन्य कार्य गर्न नहुन, सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने अधिकार हनन गर्न नपाइने उल्लेख हुँदासमेत सरकारले चासो नदेखाउनु लज्जास्पद छ । बलात्कारपछि महिलाको हत्या गर्ने र प्रमाण नष्ट गर्ने प्रवृत्ति बढ्दो छ । पीडितको न्यायमा पहुँच छैन । न्यायप्रणाली पनि छिटोछरितो छैन । भएका नीतिनियमको कार्यान्वयन पक्ष कमजोर छ । अनुसन्धान पद्धति फितलो छ । समाजले पनि पीडितलाई हेयको दृष्टिकोणले हेर्ने, पीडक पक्षचाहिँ अराजक रूपमा बारम्बार अपराध गर्दै छुटकारा पाउने प्रवृत्ति हाबी भएको छ । त्यसैले द्रुत न्याय प्रणाली गठन आवश्यक छ ।

त्यसैले सिङ्गो नेपाली समाज एकाकार भई महिलामाथिको हिंसा न्यूनीकरणका लागि प्रतिबद्ध हुनै पर्छ । अतः लैंगिक हिंसाको कारक तत्व पहिचान गरी यथार्थपरक र वास्तविक तौरतरिकाबाट महिला हिंसाविरुद्ध प्रभावकारी प्रयत्न सञ्चालन गर्दै त्यस्ता हिंसाविरुद्ध नागरिक समाज, सरोकारवाला निकाय, स्थानीय सरकार, प्रहरी प्रशासनलगायत सबैले एकाकार रूपमा अगाडि बढ्नु नै आजको आवश्यकता हो भन्न सकिन्छ ।

# सुशासनभन्दा अपारदर्शीले गिजलो बन्दै स्थानीय तह

## पालिका बहस

**अधिवक्ता सन्तोष कुमार सुवेदी**




**स्था**नीय सरकारका रूपमा हाम्रो गाउँ/नगरपालिका नै वास्तविक लोकतन्त्र र विकासको प्रतिफल सहजरूपमा सर्वसाधारणसमक्ष पुऱ्याउने निकाय हो । आम सर्वसाधारणलाई सुखी र खुसी जीवन प्रदान गर्न स्थानीय तहहरूले नै अग्रणी भूमिका निर्वाह गर्नुपर्छ । समृद्ध मुलुकहरूका स्थानीय निकायहरूले प्रमाणित गरिसकेका छन् कि समाजलाई समुन्नत बनाउन स्थानीय सरकारलाई नै प्रमुख जिम्मेबार बनाउनु जरूरी पर्दछ ।

तर, अख्तियारमा यतिबेला स्थानीय तहमा भएका अनियमितता सम्बन्धी उजुरीको चाङ लागेको छ । योजना कार्यान्वयन तथा व्यवस्थापन, सेवा तथा खरिद, कर्मचारी व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता तथा सेवा वितरण, सार्वजनिक जग्गा सिफारिस, शिक्षा व्यवस्थापनलगायतका उजुरीमा छानबिन गर्दा व्यापक भ्रष्टाचार पाइएको अवस्था छ । केही स्थानीय तहले बजेट स्वीकृत नगरी अनियमितता गरेको, पुँजीगतबाट चालूमा समेत रकमान्तर गरेको र सीमाभन्दा बढी रकमान्तर गरेको भेटिएको छ । कतिपयले मनपरी कर लगाएको पाइएको छ । वडाध्यक्षका अधिकार वडा सदस्यले प्रयोग गर्ने, प्रमुख तथा अध्यक्षका अधिकार उपप्रमुख/उपाध्यक्षले प्रयोग गर्ने र कार्यपालिकाको अधिकार अध्यक्ष वा प्रमुखले प्रयोग गरेका छन् । कानुन नबनाई मौखिक आदेशका भरमा काम गरेका समेत छन् ।

स्थानीय सरकारमा केन्द्रमा झैँ नीतिगत तह, खर्चको क्षेत्र, राजस्व र नियमनको सेरोफेरो भ्रष्टाचारका जोखिमयुक्त क्षेत्र हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिवेदनले अनियमितताका उजुरीका दृष्टिले सर्वाधिक बढी शिक्षा, स्थानीय तहको विकास निर्माण तथा स्थानीय सेवा प्रवाहको क्षेत्र नै इंगित गरेको देखिन्छ । नवनिर्वाचित पदाधिकारीले शपथसँगै हेर्ने पहिलो काम स्थानीय विकास निर्माण र सेवा प्रवाह नै हो । महालेखा परीक्षकको प्रतिवेदन हेर्दा बेरूजुमा स्थानीय निकायले सबैलाई उछिनेका छन् । स्थानीय तहमा अनियमिता हुनसक्ने अर्को महत्वपूर्ण क्षेत्र सार्वजनिक जमिनको व्यवस्थापन हो । नगर क्षेत्रमा भवन नक्सा पारित गर्ने काम पनि अनियमितताको सम्भावित क्षेत्र बनेको छ । स्थानीय निकायमा सामाजिक सुरक्षा भत्ता वितरण, विकास बजेट र अनुदान व्यवस्थापनमा समेत भ्रष्टाचार र अनियमितता हुन्छ ।

राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा योजना छनोट गरेको पाइएको छ । राजनीतिक प्रकृतिका संस्थामा बजेट विनियोजन गरेको पाइएको छ । विकास निर्माणको एउटै कामलाई दोहोरो देखाई भूटा बिल भर्पाई एवं विवरण बनाएर भुक्तानी लिने गरेको पाइएको छ । स्थानीय तहमा सञ्चालन हुने आयोजनामा उपभोक्ता समिति गठन गर्दा बहालबाला शिक्षक र जनप्रतिनिधीसमेत रहेको देखिएको छ । उपभोक्ता समिति र कर्मचारीको मिलेमतोमा योजना कार्यान्वयन गर्न प्रक्रिया पूरा नगरी पेश्की दिने गरेका तथा कामै नभई फछ्र्योटसमेत गर्ने र काम नसकिँदै सम्पन्न प्रतिवेदन बनाई भुक्तानी दिने गरिएको पाइएको छ ।

स्थानीय तहमा दरबन्दीबिना विभिन्न स्तर र तहका कर्मचारी, विज्ञ एवं सल्लाहकार अनियमित तवरबाट भर्ना र करारमा लिइएको देखिएको छ । सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरोपना देखिएको छ । अपारदर्शी तथा नियमविपरीत मृत्यु भएका व्यक्तिको भत्ता उपलब्ध गराइएको छ । अर्काको नाममा किर्ते दस्तखत गरी वितरण गर्ने गरेको पाइएको छ । जनप्रतिनिधीका आफ्ना मान्छेलाई कुनै न कुनै प्रकारका लक्षित वर्गले पाउने भत्ता उपलब्ध गराएको धेरै घटना पाइएको छ । एउटै व्यक्ति यस्ता धेरै कार्यक्रममा सहभागी भएको देखिएको छ । सिलाइबुनाइ, कम्प्युटर तालिम, फर्जी कागजात बनाई कार्यक्रमको रकम भुक्तानी लिए–दिएको समेत भेटिएको छ । स्थानीय तहको संरचनामा वडा सदस्यहरूको संख्या उल्लेख्य छ । तर, वडा अध्यक्षहरू 'अति व्यस्त' रहने र वडा सदस्यहरू काम नपाएर घरमै बस्नुपर्ने व्यवस्था जताततै देखिएको छ । वडा सदस्यहरूको भूमिका केवल वर्षमा दुईपटक हुने गाउँ वा नगरसभा र वडाको मासिक बैठकमा उपस्थित हुनेमा मात्र सीमित भएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका वडाबाट सम्पादन हुने ८८ वटा काममध्ये सिफारिस र प्रमाणीकरणबाहेकका ५३ वटा कामहरू वडा सदस्यहरूको संलग्नतामा गरिनुपर्ने हो, तर वडा अध्यक्षहरूले वडा सदस्यहरूलाई स्थानीय शासन प्रक्रियामा संलग्न गराउन 'नचाहने' र वडा सदस्यहरूले आफ्नो भूमिकालाई आत्मसात् गरी जिम्मेवारी वहन गर्न नसक्दा गाउँ तथा नगरपालिकाको ठूलो जनशक्ति संघीयताको मर्मअनुसार सेवा प्रवाह र विकास निर्माणका काममा परिचालित हुन सकेको छैन ।

मुलुकको आर्थिक विकासका लागि कर लगाउन अवश्यक हुन्छ । करले राजस्व प्रदान गर्नेमात्र नभई आर्थिक लागत बढाउँदछ । कर प्रशासनमा कर संकलन खर्च बढाउँदछ भने करदातामा दोहोरो करको भारसमेत पार्दछ । प्राकृतिक स्रोतसाधन रोयल्टीको वितरण, अन्तरस्थानीय तह प्राकृतिक स्रोतको वितरण, अन्तरस्थानीय तह व्यापार, कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै बाधा–अवरोध नहुने गरी अन्तरस्थानीय सरकार समन्वय र सहकार्यको विषयमा साझा दृष्टिकोण बनाई द्वन्द्व नहुने व्यवस्थाको सिर्जना गरी चुनौतीलाई अवसरमा रूपान्तरण गरी स्थानीय आर्थिक समृद्धिमार्फत राष्ट्रिय समृद्धि हासिल गर्नु स्थानीय प्रशासक र निर्वाचित प्रतिनिधीसामु ठूलो चुनौती रहेको छ । पारदर्शिता, अनियमितता, भ्रष्टाचाररहित सुशासन प्रवाह गर्दै नागरिकको प्रिय भएर स्थानीय सरकार सञ्चालन गर्न आवश्यक छ । नागरिकको तहमा अत्यन्तै छिटो लोकप्रिय र अलोकप्रिय हुने सरकार यही हो । यसैका आधारमा संघीयताको भविष्य निर्धारण हुन्छ ।

स्थानीय शासन लोकतन्त्रको आधार हो । स्थानीय शासन लोकतन्त्र सिक्ने विद्यालय हुन् । साथै, नेतृत्व विकास गर्ने माध्यम पनि हुन् । जनताको नजिकको निकाय भएका कारण जनअपेक्षा पनि बढी हुन्छ स्थानीय सरकारप्रति । नेपाल समृद्धिको यात्रामा छ, यसैले अब यो लक्ष्य पूरा गर्न स्थानीय सरकार समर्पित हुनैपर्छ । संस्कार बसाउने र राम्रो अभ्यासको उदाहरण दिने बेला पनि यही हो । पटकपटक गलत काम भैरह्यो भने संस्कार राम्रो बन्दैन । त्यसैले, सुशासनको अभ्यास सुरु गर्ने समय हो यो । स्थानीय सरकारले यस तथ्यलाई मनन गर्नुपर्दछ । माथि उल्लेखित पक्षमा ध्यान दिँदै सुशासनयुक्त स्थानीय सरकार बन्ने अवसरबाट चुक्न हुँदैन । स्थानीय जनप्रतिनिधिले यी पक्षमा पक्कै हेक्का राख्नुपर्ने हुन्छ ।

स्थानीय तहहरू हुनसक्ने सम्भावित आर्थिक अनियमितता र नीतिगत भ्रष्टाचारको नियन्त्रण गर्ने विश्वासिलो निकाय नभएको पनि यस क्षेत्रका विज्ञहरूको चिन्ता छ । स्थानीय तहको कार्यपालिका बोर्डको निर्णय तथा कार्यालयको नियमित कामहरूलाई नगरपालिका र गाउँपालिका सभाले पारित र अनुमोदन गर्नुपर्ने व्यवस्था भए पनि दलीय सहभागिताकै त्यो सभाले पारदर्शी ढंगबाट काम गर्ने कुरामा शंका सिर्जना भएको छ । आर्थिक समिति तथा न्यायिक समितिलगायतका समितिहरूमा फरक राजनीतिक पृष्ठभूमिका व्यक्ति भए प्रतिशोधपूर्ण ढंगले काममा बाधा गर्ने नियत राख्ने र एउटै राजनीतिक दलका व्यक्ति भए मिलेमतो हुनसक्ने सम्भावनासमेत देखिएकोले नै स्थानीय तहका आन्तरिक हुनसक्ने भ्रष्टाचारजन्य

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । आर्थिक कारोवारमा सफलता पाइएला ।

**वृष** :- व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । साथीभाईसंग समय बित्नेछ ।

**मिथुन**:- अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । सरकारी निकाएको भय रहनेछ । स्वास्थ्यमा प्रतिकूलता रहन सक्नेछ अतः सजग रहनु उचित हुने देखिन्छ ।

**कर्कट** :- कला तथा साहित्यमा रूचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्ला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**सिंह**:- प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ ।

**कन्या** :- आज शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद् यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ ।

**तुला** :- आज सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिनेछ । चोटपटकको भयछ सचेत रहनुहोला । यात्रामा मालसामान पनि हराउन सक्छ ।

**वृश्चिक** :- विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**धनु** :-एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ । लाभदायक यात्रा रहनुका साथै पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मकर**:- नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**कुम्भ**:- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शिक्षामा सफलता मिल्नेछ । महत्वपूर्ण कामको थालनी हुनेछ ।

**मिन** :- आज मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । यात्राका विशेष अवसर मिल्ने छन् । पराक्रम बढ्नुका साथै कीर्ति वृद्धिको योग पनि देखिन्छ ।

# ‘काँग्रेस पनि कता कता अल्मलिएको छ’ : डा कोईराला

नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोईरालाले नेकपा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार के गर्दैछ भन्ने कसैले भन्ने अवस्था नरहेको बताएका छन् ।

विश्वव्यापी कोरोना माहामारीका कारण त्रासमा भएका जनतामा कोरोना परीक्षण दर बढाउनुपर्ने भएपनि त्यसमा सरकार बेखबर भएको उनले बताए । आफूलाई पनि सरकार छ कि छैन भन्नेबारे भ्रम भईरहेको उनको जिकिर छ ।

उनले नेपाली काँग्रेस र पार्टीका भातृसंस्था नेविसंघ, तरूण दल, महिला संघलगायत सबै भातृ तथा शुभेच्छुकले भ्रष्टचारमा रूमलिएको, पदलोलुपका लागि आन्तरिक झगडामा ब्यस्त भएको सरकारको भर नपरी आफैं कोरोना भाईरसको रोकथाम, नियन्त्रण र उपचारको प्रयासमा रहनुपर्ने जिकिर गरेका छन् ।

डा. कोईरालाले सामाजिक दूरी भन्दा भौतिक दूरी कायम गर्नुपर्ने बताउँदै सुनसरी सभापति राजीव कोईराला र सचिव केदार भण्डारीलाई पनि कोरोना लागेर निको भएको दृष्टान्त दिएका छन् । कसलाई छ वा कसलाई कोरोना छैन भन्दा पनि कोरोनाबाट कसरी बच्ने भन्ने कुरा महत्वपूर्ण भएको बताए ।



डा. कोईरालाले मुलुकको राजनीति अत्यन्तै तरल अवस्थामा गएको जिकिर गर्दै दुईतिहाईको सरकार पनि छ कि छैन भन्ने अवस्थामा लागेको टिप्पणी गरेका छन् । उनले नेपाली काँग्रेसको अधिवेशन सकेसम्म फागुनमा र सकिएन भने चैत बैसाख सम्म अधिवेशन जसरी पनि सम्पन्न नगरे काँग्रेसको भविश्य समाप्त हुनसक्ने बताएका छन् ।

उनले सरकार बेखबर र जनताप्रति उत्तरदायी हुननसकेको बेला प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस पनि सरकारका गलत कृयाकलापबिरूद्ध रचनात्मक बिरोधमा उत्रन नसकेको भन्दै नेतृत्वको घुमाउरो परामा आलोचनासमेत गरेका छन् । उनले अधिवेशन समयमा गर्नुपर्ने भएपनि काँग्रेस कता कता अल्मलिएको देखेको बिश्लेशण गरेका छन् ।

सम्पर्क समितिले अधिवेशन समयमा गराउन काँग्रेस नेतृत्वलाई दबाब दिन आग्रह गर्दै जिल्लामा कृयाशील सदस्यताको बिषयमा चनाखो भएर लाग्न निर्देशनसमेत दिए । उनले काँग्रेसमा अधिवेशनका बेलामात्र चलायमान हुने परम्परालाई हटाउँदै १२ महिला र ३६५ दिन नै चलायमान हुँदामात्र काँग्रेस बलियो हुने बताए । उनले समाबेशीता र मेरिटोक्रेशीलाई कसरी लाने भन्नेमा काँग्रेसले बहस गर्नुपर्ने विचार ब्यक्त गरेका छन् ।

डा. कोईरालाले नेपाली काँग्रेस सुनसरी काठमाडौं सम्पर्क समितिको रक्तदान कार्यक्रममा प्रमुख अतिथीका रूपमा बोल्दै नेपाली काँग्रेसले आफ्नो पार्टीका आधारभूत सिद्धान्तमा कुनै पनि हालतमा कम्परमाईज नगर्ने जिकिर गरेका छन् । उनले संघीयता धरापमा पर्न थालेको बताउँदै प्रधानमन्त्री ओलीले नै संघीयता धरापमा पर्ने कार्यको नेतृत्व गरेको हो कि भन्ने देखिन थालेको बताए ।

# किन ..

हालसम्म दुई दर्जन बढी मैथिली चलचित्र निर्माण भइसकेका छन् । दहेज, ममता, करमभाग्य, प्रियतम, हमरालग रहब,अहां छी हमरा लेल,अपन समाज, पियाभेल परदेशी, माईके ममता, जहियासँ गेलौ विदेश, प्रीतक बाजी, संगे जियब संगे मरब, गरीबक बेटी, सुहागिन, मिथिलाक योद्धा, भौजीके बहिन, कलयुगके शिवभक्त, जियब संगहम अहिकलेल, बीकल दुलहा मौगीके गुलाम, इज्जत, मधेशी पुत्र, औकात, ईज्जतलगायत मैथिली सिनेमा सफल मानिन्छन् ।

त्यस्तै भीसीडीमा निस्केका मैथिली चलचित्रमा करम भाग्य, गरीबक बेटी, ममता,हमरा लग रहब, अहाँछी हमरा लेल, प्रितक बाजीलगायतका छन् । त्यसैगरी भारतबाट निर्माण भएका चलचित्रमा सस्ता जिनगी महग सेनुर, सेनुरक लाज, कखन हरब दुख मोर, आउ पिया अपन नगरी, दरूवा बाबु, सवनाके अंगनामे सोलह श्रृगांरलगायत छन् । यसका साथै बजेटको अभावमा करिब एक दर्जन चलचित्र रिलिज हुन बाँकी छ। त्यस्तै करिब एक दर्जन मैथिली चलचित्र तयार भएर डब्बामा बन्द रहेका छन् । केही त आधा मात्र बनेर रोकिएका पनि छन् ।

कतिपय बजेट अभावमा शुभमुर्हुत गरेर थन्किएका छन् । विगतमा निर्माण भएका मैथिली चलचित्र प्रचारप्रसारको अभावले व्यावसायिक रूप लिन सकेन । पछिल्लो समय मैथिली चलचित्रको गुणस्तरमा पनि सुधार हुँदैगएको छ भने प्रचारप्रसारमा पनि ध्यान दिन थालिएको छ ।

मैथिली चलचित्रका वरिष्ठ कलाकार योगेन्द्र देवको भनाइअनुसार सरकारले मैथिली चलचित्र र यसका कलाकारलाई उपेक्षा गरेकोमा दुःख ब्यक्त गर्छन । सरकारले तराई मधेशमा निर्माण हुने मैथिली, भोजपुरी, थारू, अवधि भाषाको चलचित्रलाई नेपाली चलचित्रसरह नै कर लिने गरेको छ ।

**फिल्मसिटिको माग**

कतिपय मैथिली कलाकार सरकारले तराईमधेसमा फिल्मसिटी निर्माण गर्नुपर्ने बताइरहेका छन् । कलाकारको तर्क छ- तराईमधेसमा के छैन ? समुन्द्रको रूपमा कोशी नदी छ । ताजमहलको रूपमा जानकी मन्दिर छ। जंगल छ । त्यसैले सरकारले मिथिला नगरीमा छुट्टै फिल्मसिटी स्थापना गर्नुपर्छ ।

**पाइँदैन हल**

पछिल्ला दिनमा मैथिली सिनेमा प्रशस्त बन्न थालेको सर्वबिदितै छ । तर दुःखको कुरा मैथिली सिनेमा चलाउन हल नै पाइदैन । सत्य के हो भने मैथिली सिनेमा तराईमधेशको मिथिला, भोजपुरा, अवध क्षेत्रमा राम्रैसँग चल्ने गर्छन । कतिपय सिनेमाले त राम्रै मुनाफासमेत आर्जन गरेका छन् । तर स्थानीय कलाकारले बनाएका भाषाभाषीका चलचित्रले फिल्म हल समेत नपाउँदा मर्कामा छन् ।

हल नपाएपनि मैथिली चलचित्र निर्माणमा भने बाढी नै आएको छ । निर्माणाधिन अवस्थामा रहेका श्री शम्भुनाथ बाबा, बदला एकबेर फेर, दिलु रानी, संस्कार, मधेशी पुत्र ३, इज्जत, छिन्नमस्ता जय सखडेश्वरी माँ, औकात, दोदिल एक जानले यही संकेत गर्छ ।

मधेशी पुत्र ३ मा त बलिउडका कलाकारलाई पनि खेलाइने भएको छ । मधेशी पुत्र २ को व्यापार नेपालबाहेक बिदेशमा पनि राम्रो भएकाले उत्साहित भएर यसको सिक्वेल निर्माण गर्न लागिएको हो । निर्माणाधिन मैथिली चलचित्र मिशन मधेश पनि राजनीतिक घटनालाई समेटिएको छ ।

**अन्त्यमा**

भर्खरै बामे सर्दै गरेको मैथिली सिनेमाले समाजको पिडा बोल्ने हिम्मत गरेको छैन । जबसम्म मिहिन गरि समाजको कथा बोल्न सकिदैन तबसम्म मैथिली सिनेमाको बिकासमा क्रमभंग हुन सक्दैन । देखासिकीबाट माथी उठ्नै पर्ने मैथिली सिनेमाको आजको टड्कारो आवश्यकता हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# यो साता तोलामै ३ हजारले सस्तियो सुन, मूल्य अझै घट्ला ?

**यो** साता नेपाली बजारमा सुनको भाउ ओरालो ट्रेण्डमा रह्यो । साताको पहिलो दिन ९४ हजार तीन सय रूपैयाँमा कारोबार भएको सुनको भाउ साताको अन्त्यमा तीन हजार रूपैयाँले घटेर ९१ हजार तीन सय रूपैयाँमा झर्यो ।

एक साता अवधिमा चाँदीको मूल्यमा पनि प्रतितोला ४५ रूपैयाँको गिरावट देखियो । घट्दो मूल्य र विवाहको सिजन लगायतका कारणले सात महिनासम्म बन्द सुन बजारमा खरिद बिक्रीको चहल पहल बढेको छ ।

| दिन | छापावाल सुनको प्रतितोला मूल्य | तेजावी सुनको प्रतितोला मूल्य | चाँदीको मूल्य |
|---|---|---|---|
| आइतबार | रू. ९४,३०० | रू. ९३,८०० | रू.१,२१० |
| सोमबार | रू. ९४,३०० | रू. ९३,८०० | रू.१,२१० |
| मंगलबार | रू. ९२,५०० | रू. ९२,००० | रू.१,१८० |
| वुधबार | रू. ९१,५०० | रू. ९१,००० | रू.१,१७५ |
| विहीबार | रू. ९१,५०० | रू. ९१,००० | रू.१,१७५ |
| शुक्रबार | रू. ९१,३०० | रू. ९०,८०० | रू.१,१६५ |

सामान्य अवस्थाको तुलनामा करिब ३५ प्रतिशतसम्म मात्रै व्यवसाय चलिरहेको नेपाल सुन चाँदी व्यवसायी महासंघले जनाएको छ ।

**भाउमा उतार चढाव**

आइतबार प्रतितोला ९४ हजार ३ सयमा कारोबार भएको सुनको भाउ सोमबार पनि यथावत नै थियो । तर मंगलबार सुनको भाउ तोलामै एक हजार आठ सय रूपैयाँले घट्यो । सो दिन चाँदीको भाउ पनि तोलामा ३० रूपैयाँले सस्तिएको थियो । बुधबार पुनः एक हजार रूपैयाँले सुनको भाउ सस्तो भएर ९१ हजार पाँच सय रूपैयाँ कायम भयो ।

बुधबार चाँदीको मूल्य पनि प्रतितोलामा पाँच रूपैयाँले घटेर ११ सय ७५ रूपैयाँ थियो । विहीबार स्थिर रहेको सुनको भाउ शुक्रबार भने तोलामा दुई सय रूपैयाँले सस्तिएर ९१ हजार तीन सय रूपैयाँमा झरेको छ ।

**सुनको अन्तर्राष्ट्रिय बजार ट्रेण्ड**

सुनको मूल्य पछिल्लो एक महिनादेखि नै ओरालो लागेको छ । यसो हुनुको प्रमुख कारण अमेरिकी राष्ट्रपति निर्वाचनको नयाँ नतिजा र कोभिड-१९ भाइरसको खोपको प्रभावकारीताबारे आएका सुखद समाचारहरू भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमको विश्लेषण छ । सुनमा हुने लगानी आपूर्ति, माग र लगानीकर्ताको स्वभावमा निर्भर हुने गर्दछ । यसमध्ये कुनै एकमा आउने परिवर्तनले सुनको मूल्यमा प्रभाव पर्ने इन्भेष्टोपेडियाले उल्लेख गरेको छ ।

अमेरिकी राष्ट्रपतिमा जो बाइडन निर्वाचित भएपछि अमेरिकी शेयर बजारमा नयाँ कीर्तिमान कायम भएको छ । यस्तै अन्तर्राष्ट्रिय शेयर बजार र कच्चा तेलमा गरिने लगानीबाट बाहिरिएका लगानीकर्ताहरू पुनः तेलमा



आकर्षित हुँदा कच्चा तेलको मूल्य पनि बढ्न सुरू भएको छ । यी सूचकहरूको अर्थ हो, लगानीकर्ताहरू नयाँ चुनावी नतिजापछि सुन छोडेर लगानीका अन्य क्षेत्रहरू जान उत्साहित छन् । अर्कोतर्फ कोभिडका कारण विश्व अर्थतन्त्रमा आउन सक्ने संकुचनको डरले सुनमा लगानी गरेका लगानीकर्ताको स्वभाव कोरोनाविरूद्धको खोपको विकसित रूपको नयाँ चर्चाले दंग छ ।

नयाँ विकसित घटनाक्रमले सुनको माग, आपूर्ति र लगानीकर्ताको स्वभावको चेन प्रभावित भएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमको विश्लेषण छ । सुनको अन्तर्राष्ट्रिय मूल्य सूचक जारी गर्ने गोल्ड प्राइस डटकमका अनुसार पछिल्लो एक महिनामा सुनको भाउ ५६.९० डलरले ओरोलो लागेको छ । शुक्रबार यो समाचार तयार पार्दासम्म २.८५ डलरले सुनको भाउ घटिसकेको छ ।

**नेपालमा सुनको भाउ अझै घट्ला ?**

सुनको भाउमा पछिल्लो एक साताको अवधिमा आएको गिरावटका कारण उपभोक्ताहरू अझै सुनको मूल्य ओरालो लाग्ने विश्लेषणमा छन् । बिहेका लागि सुन नभई नहुने भएकाले पनि मानिसहरू पर्ख र हेरको अवस्थामा रहेको नेपाल सुन चाँदी व्यवसायी महासंघले जनाएको छ । सुनको भाउमा यस वर्ष कायम भएको हालसम्मकै उच्च मूल्यको रेकर्ड लामो समय टिक्न नसकेका कारण मूल्यको उतार चढाव निरन्तर नै रहने महासंघका वरिष्ठ उपाध्यक्ष मणिकरत्न शाक्य बताउँछन् ।

अन्तर्राष्ट्रिय बजारमा केही दिनदेखि एक हजार आठ सयदेखि एक हजार आठ सय १० डलरको बीचमा रहेको सुनको मूल्य केही समय स्थिर रहने उनको आँकलन छ । सुनमा भएको लगानी उद्योग, शेयर बजार जस्ता क्षेत्रमा जान थालेको भन्दै उनले अमेरिकी नयाँ बाइडनको पदभार ग्रहणपछि सुनको मूल्यको बाटो तय हुने शाक्यले बताए ।

*अनलाईनखबरबाट*

# थपिए १३८० कोभिड-१९ संक्रमित, १९ को मृत्यु



**प**छिल्लो २४ घण्टामा एक हजार ३ सय ८० जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । नौ हजार ३ सय ६८ जनाको पीसीआर परीक्षण गर्दा यती संख्यामा संक्रमण देखिएको हो ।

यो सँगै नेपालमा कोभिड संक्रमितको संख्या दुई लाख ३० हजार ७ सय २३ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार शनिबार देशभर १८ हजार ८३ जना सक्रिय संक्रमित छन् ।

पछिल्लो २४ घन्टामा १९ जना कोभिड संक्रमितको मुत्यु भएको मन्त्रालयले जनाएको छ । शुक्रबार कोभिडबाट २३ जना संक्रमितको मृत्यु भएको थियो । योसँगै नेपालमा कोभिड संक्रमणबाट मृत्यु हुनेको संख्या एक हजार चार सय ५४ जना पुगेको छ ।

मन्त्रालयका अनुसार शनिवार पाँच सय १५ जना संक्रमणमुक्त भएका छन् । योसँगै दुई लाख ११ हजार १ सय ८६ जना संक्रमणमुक्त भएका छन् ।

हाल छ सय १८ जना क्करूवारेन्टाइनमा रहेको मन्त्रालयले जनाएको छ ।

*इकाजडटकमबाट*

## क्वालिटी ...

चौधरीको प्रमुख आतिथ्य र ईलाका प्रहरी कार्यलय लहानका डिएसपी शरत कुमार थापा क्षेत्री, नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघ प्रदेश २ का संयोजक मोहम्मद जाकिर अलि राईन र कपडा तथा सिलाई व्यवसाई संघका सिरहा जिल्ला अध्यक्ष महेबुल अन्सारीको विशिष्ट आतिथ्यतामा पुरस्कार वितरण गरिएको थियो ।

लक्की ड्र योजनाको दोस्रो पुरस्कार 'हिरो साइकल' लहानका दिपेन्द्र कुमार महतो, तेस्रो पुरस्कार 'स्मार्ट फोन' सुरूङ्गा नगरपालिका-४ कदमाहा सप्तरीका अशोक चौधरी र चौथो पुरस्कार 'स्टेन्ड पंखा' लहानका बिनोद कुमार चौधरीले प्राप्त गरेका छन् ।

कार्यक्रममा अतिथीहरूले क्वालिटी टेलर्स एण्ड ट्रेडर्सले चाड पर्वलाई लक्षित गरी राखेको बम्पर धमाका उपहार योजना कार्यक्रम सराहनीय रहेको उल्लेख गरे । उनीहरूले यसले गर्दा ग्राहकहरू पनि लाभान्वित हुने र व्यापार पनि बढ्ने हुँदा यस्ता उपहार योजनाका कार्यक्रमहरू लहानका विभिन्न प्रतिष्ठानहरूले पनि राख्नु पर्ने कुरामा जोड दिएका थिए । कार्यक्रमको संचालन संचारकर्मी फिरोज शेखले गरेका थिए ।

## बलत्कारीलाई ...

उनीहरूले दिनानुदिन बढ्दै गरेको बलात्कार तथा हत्याका घटनामा संलग्नहरूलाई कडा भन्दा कडा सजायको माग सहित विभिन्न नारा तथा प्रतिकात्मक फोटोहरू सहित नारा जुलुस गर्दै बजार परिक्रमा गरेका थिए ।

गत आइतबार घरबाटै हराएकी बालिका मंगलबार मात्र बोरामा कसेर झाडिमा फालेको अवस्थामा फेला परेको थियो । हत्या तथा बलात्कार संलग्न रहेको आरोपमा प्रहरीले महोत्तरीकै गौशला ५ घर भाई बर्दिवास बस्दै आएका २६ वर्षिय अरूण कुमार साहलाई नियन्त्रणमा लिएको छ ।

साह विरूद्ध प्रहरीले अपहरण, बन्धक, जबर्जस्ती करणी र कर्तव्य ज्यान मुद्दा दर्ता गराएको छ । बालीकाको बलात्कार तथा हत्या विरूद्ध प्रदेश २ का धेरै जिल्लाहरूमा विरोध प्रदर्शनहरू भईरहेको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
लहानपोस्ट् LAHANPOST DAILY
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)